राष्ट्र र जनताप्रति प्रतिबद्ध

महोत्तरी जिल्लाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# द पब्लिक टुडे

The Public Today
National Daily
राष्ट्रिय दैनिक

वर्ष १३ | अंक २६० | २०८३ जेठ २० गते बुधवार | (Wednesday, 3 June, 2026) | पृष्ठ ४ | मुल्य रु. ५

# मुसहर बस्तिका १६ जना भारतमा बन्धक

## उद्धार गर्न प्रहरीलाई परिवारको हारगुहार



**राजकरण महतो**

*बर्दिबास, जेठ १९ गते ।*

श्रमको शिलशिलामा भारत पुगेका महोत्तरीको बर्दिबास नगरपालिका -१४ स्थित एकीकृत नमुना मुसहर बस्तिका बालबालिकासहित १६ जना बन्धकमा परेका छन् । उनीहरुलाई पाउनु पर्ने ज्याला नदिई बन्धक बनाई राखिएको पीडित मध्यका किरण सादाले टेलिफोन मार्फत जानकारी दिएका छन्। डरत्रास देखाई यातना समेत दिदै बन्धक बनाइएको छ । कुटपिट गर्दै यातना दिएको फोटो, भिडियोहरु समेत पीडित परिवारलाइ प्राप्त भएको छ । बन्धकमा परेका आफ्ना परिवारजनलाई खोज तलाश एवंम सकुशल उद्धार गरी दोषीलाई झिकाई कानुन बमोजिम कडा भन्दा कडा कारवाही गर्न पीडित परिवारजनले ईलाका प्रहरी कार्यालय बर्दिबास मार्फत भारतको नयाँ दिल्लीस्थित नेपाली राजदुतावासमा निवेदन दिएका छन्।

बर्दिबास नगरपालिका -३ गौरिडाडाका दिलिप परियारले चैत १३ गते आकर्षक तलब र सुविधाको प्रलोभन देखाएर उनीहलाई हरियानाको जिन जिल्लाको झाझर थानाको हेलन गाउँमा रहेको कुखुराको फार्ममा काम गर्न लगेका प्रहरीमा पिडित परिवारले दिएको निवेदमा उल्लेख छ।

बिरेन्द्र सफा, कारिचरण सदा, अशोक सदा, अमरलाल सदा र मनोहर सदाले प्रहरी मार्फत दूतावासमा बन्धकमा परेकाहरु खोजी गरि उद्दार गर्न निवेदन दिएका छन्।

बिरेन्द्र सदाको छोरा बर्ष १७ को मुकेश सदा, कारिचरण सदाको छोरा बर्ष १६ को किसन सदा, अकोश सदाको छोरा बर्ष १३ को आशिक सदा, अमरलाल सदाको छोरी वर्ष २० की किरण सदा, ज्वाई बर्ष २१ को अमृत सदा बन्धकमा परेका छन्।

मनोज सदाको छोरा वर्ष १५ को जय सदा, वर्ष ३५ को झरी सदा, उनको श्रीमती बर्ष ३४ की ललमुनि सदा, बर्ष १६ की छोरी काजल सदा, बर्ष १३ की साजन सदा, बर्ष ९ को छोरा शंकर सदा बन्धकमा परेका छन् । त्यसैगरी वर्ष ३८ को विसुदेव सदा, उनको श्रीमती वर्ष ३५ की महावती सदा, छोरा बर्ष १० को अमृत सदा पनि हरियानामा बन्धक परेका छन्। बर्ष ४० को मोहन सदा, उनको श्रीमती बर्ष ३५ की बेचो सदा भारतमा बन्धक परेका छन्।

दिलिप परियारले इंति सम्बत २७-मार्च-२०२६ मा भारतको हरियाणा, जिल्ला जिन थाना झझर, गाउँ हेलन स्थितमा रहेको कुखुरा फर्ममा अन्डा टिप्ने काम रहेको र सो काममा राम्रो कमाई हुन्छ भनि आश्वासन दिलाई उनीहरुलाइ लगेका थिए।

बर्दिबास नगरपालिका १४ का वडा अध्यक्ष बिजय कुमार महतोले  बन्धकमा परेकाहरु खोजी, तलासी र उद्दारका लागि पीडितहरुले सबैमा आग्रह गरेका छन्।

यता इलाका प्रहरी कार्यालय बर्दिबासका डिएसपी गुरु प्रसाद तिमल्सिनाले पीडितहरु जीवन बचाउन कुनै कसर बानी नराख्ने जनाए।

# भ्रष्टाचार मुद्दामा मधेशका प्रदेश सांसद कुशवाहा दोषी ठहर



**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, जेठ १९ गते ।*

विशेष अदालतले घुस लिएको अभियोगमा दोषी ठहर भएका मधेश प्रदेशका प्रदेशसभा सदस्य सरोजकुमार सिंह कुशवाहालाई ४ वर्ष १ महिना कैद सजाय सुनाएको छ। विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको संयुक्त इजलासले गत जेठ ४ गते सिंहलाई भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गतको कसूरमा दोषी ठहर गरेको थियो । त्यसपछि मंगलबार अदालतले उनलाई ४ वर्ष कैदसँगै ३८ लाख ५० हजार १ सय ३९ रुपैयाँ जरिवानाको सजाय निर्धारण गरेको हो।

अदालतका अनुसार सिंहले विभिन्न उपभोक्ता समितिहरूबाट घुस तथा कमिसनबापत कुल ३८ लाख ५० हजार १ सय ३९ रुपैयाँ प्राप्त गरेको पुष्टि भएको छ । उक्त रकमलाई नै भ्रष्टाचारको विगो मानी सजाय निर्धारण गरिएको हो । फैसलाअनुसार वारदात भएको समयमा सिंह महोत्तरी निर्वाचन क्षेत्र नं. ४ (ख) बाट निर्वाचित प्रदेशसभा सदस्य रहेकाले उनले आफ्नो सार्वजनिक पदको दुरुपयोग गरी भ्रष्टाचार गरेको ठहर गर्दै भ्रष्टाचार निवारण ऐनको दफा २४ बमोजिम थप १ महिना कैद सजाय समेत गरिएको छ। विशेष अदालतले सिंहबाट घुसस्वरूप प्राप्त ३८ लाख ५० हजार १ सय ३९ रुपैयाँ जफत गरी असुलउपर गर्न आदेश दिएको छ।

साथै जरिवानाका आधारमा अपराध पीडित संरक्षण ऐन, २०७५ बमोजिम १ लाख ५४ हजार ५ रुपैयाँ ५६ पैसा क्षतिपूर्ति शुल्क असुल गरी पीडित राहत कोषमा जम्मा गर्न पनि आदेश दिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिंहविरुद्ध विभिन्न उपभोक्ता समितिहरूबाट कमिशन तथा घुस लिएको आरोपमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो। विशेष अदालतले आरोप पुष्टि भएपछि उनलाई दोषी ठहर गर्दै सजाय निर्धारण गरेको हो।

# दिल्लीमा रास्वपा सभापति लामिछानेको दौडधुप

**द पब्लिक टुडे समाचारदाता**

*गौशाला, जेठ १९ गते ।*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछाने भारत भ्रमणमा छन्। भारतको सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) का अध्यक्ष नितिन नवीनको निमन्त्रणामा उनी सोमबार (जेठ १८) पाँच दिने भ्रमणका लागि भारत प्रस्थान गरेका हुन्।

दिल्ली पुगे लगत्तै लामिछानेले भारतीय उच्च नेतृत्वसँग संवाद गरिरहेका छन्।

नयाँ दिल्ली पुगेपछि लामिछाने नेतृत्वको प्रतिनिधिमण्डलले भाजपाको केन्द्रीय कार्यालयमा अध्यक्ष नवीनसँग भेटवार्ता गरेको छ । भेट 'भाजपालाई चिन्नुहोस्' अभियानअन्तर्गत आयोजना गरिएको छ।



यस क्रममा प्रतिनिधिमण्डलले भाजपाको मुख्यालयको अवलोकनसमेत गरेको थियो। भेटका क्रममा अध्यक्ष नवीनले नेपाल-भारतबिचको ऐतिहासिक सम्बन्ध, साझा सांस्कृतिक विरासत तथा जनस्तरको घनिष्ठ सम्बन्धबारे चर्चा गर्दै यस्ता अन्तर्क्रियाले दुई देशका राजनीतिक दलहरूबिचको लोकतान्त्रिक संवादलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे।

उनले भाजपाको राजनीतिक यात्रा, वैचारिक आधार, सङ्गठनात्मक संरचना तथा जनतामुखी राजनीतिक अभ्यासबारे जानकारी दिँदै राष्ट्रिय तहदेखि बुथ तहसम्मको सङ्गठन विस्तारमा कार्यकर्ताको भूमिकालाई महत्त्वपूर्ण बताए।

रास्वपाको प्रतिनिधिमण्डलले सदस्यता वितरण प्रणाली, उम्मेदवार छनोट प्रक्रिया तथा तल्लो तहका कार्यकर्तासँग पार्टीले कायम गर्ने सम्बन्धबारे चासो राखेको थियो।

त्यसको जवाफमा नवीनले निरन्तर जनसम्पर्क, बुथस्तरीय सक्रियता र नागरिकको प्रत्यक्ष सहभागिताले भाजपाको सङ्गठनात्मक शक्ति निर्माण भएको बताए।

उनले नरेन्द्र मोदी नेतृत्वको सरकारले विकास, सेवा, सुशासन र जनकल्याणलाई प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गरे।

भेटमा राजनीतिमा जेनजी पुस्ताको बढ्दो सहभागिता, लोकतान्त्रिक बहस तथा भावी नेतृत्व निर्माणमा युवाको भूमिकाबारे समेत छलफल भएको बताइएको छ।

भारत भ्रमणका क्रममा लामिछानेले भारतका विदेशमन्त्री एस जयशंकर सँग

- बाँकी पृष्ठ ३ मा

द पब्लिक टुडे
राष्ट्रिय दैनिक
The Public Today
National Daily

'होश छ जसलाई घमण्ड, ऊ गर्दैन कदापि पनि'
'सेवा र त्याग गर, अधिकार ठूलो मिल्दछ अनि'
– सन्त 'व्यथित'

## सम्पादकिय............

# करको बोझ होइन, समान अवसरको सुनिश्चितता

शिक्षा कुनै विलासिताको विषय होइन, प्रत्येक नागरिकको मौलिक अधिकार हो । तर आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीबाट ३ प्रतिशत 'समता शुल्क' उठाउने सरकारको निर्णयले यही अधिकारमाथि थप आर्थिक बोझ थोपर्ने संकेत गरेको छ । यसअघि १६ वर्षअघि तत्कालीन सरकारले ५ प्रतिशत ग्रामीण शिक्षाकर लगाएको अनुभव रहेको अवस्थामा फेरि अर्को नाममा अभिभावकमाथि करको भार थपिनु उचित देखिँदैन ।

सरकारको बुझाइ निजी विद्यालयमा धनी वर्गका बालबालिका मात्र अध्ययन गर्छन् भन्ने देखिन्छ । तर वास्तविकता त्यस्तो छैन। निजी विद्यालयमा अध्ययन गर्ने सबै विद्यार्थी सम्पन्न परिवारका छैनन् । कतिपय अभिभावकले आफ्नो दैनिक आवश्यकतामा कटौती गरेर, ऋण गरेर वा अतिरिक्त श्रम गरेर छोराछोरीलाई गुणस्तरीय शिक्षा दिलाउने प्रयास गरिरहेका छन् । यस्तै, हजारौं विद्यार्थी छात्रवृत्तिमा अध्ययनरत छन् । आर्थिक रूपमा कमजोर, जेहेनदार तथा विशेष अवसरका विद्यार्थीसमेत संस्थागत विद्यालयमा अध्ययन गरिरहेका छन् । यस्ता विद्यार्थी र अभिभावकमाथि अतिरिक्त शुल्कको भार थोपर्नु सामाजिक न्यायको मर्मविपरीत हुन सक्छ ।

समता शुल्कको उद्देश्य शैक्षिक असमानता न्यूनीकरण गर्ने भए पनि त्यसका लागि शिक्षा क्षेत्रमै प्रत्यक्ष कर लगाउनु उचित उपाय होइन। सरकारले शिक्षा क्षेत्रमा थप बोझ सिर्जना गर्नुको सट्टा विलासी वस्तु, अनुत्पादक खर्च, उच्च मूल्यका सम्पत्ति कारोबार वा अन्य वैकल्पिक स्रोतबाट आवश्यक रकम संकलन गर्न सक्ने विकल्पहरू खोज्नुपर्छ । सामाजिक समानताको नाममा शिक्षालाई महँगो बनाउने नीति अन्ततः विपन्न र मध्यमवर्गीय परिवारमाथि नै प्रतिकूल असर पार्नेछ ।

नेपालको संविधानले शिक्षा प्राप्तिको अधिकार सुनिश्चित गरेको छ। त्यसैले राज्यको दायित्व शिक्षा सहज, सुलभ र पहुँचयोग्य बनाउने हो, महँगो बनाउने होइन । शिक्षा क्षेत्रमा कर थपेर समानता कायम गर्न खोज्नु समस्याको दीर्घकालीन समाधान बन्न सक्दैन । बरु सामुदायिक विद्यालयको गुणस्तर सुधार, शिक्षक व्यवस्थापन, पूर्वाधार विकास र शैक्षिक सुधारमा लगानी बढाउनु नै समतामूलक शिक्षाको प्रभावकारी आधार हुन सक्छ ।

तसर्थ सरकारले संस्थागत विद्यालयमा प्रस्तावित ३ प्रतिशत समता शुल्क पुनर्विचार गरी खारेज गर्नुपर्छ । समानताको लक्ष्यलाई कायम राख्दै शिक्षा क्षेत्रमा अतिरिक्त आर्थिक भार नपर्ने वैकल्पिक राजस्व स्रोत खोज्नु आजको आवश्यकता हो । शिक्षामा कर होइन, अवसरको समानता सुनिश्चित गर्नु नै राज्यको प्राथमिकता हुनुपर्छ ।

## राशिफल

मेष - शुभ समाचार सुन्न पाइने ।
वृष - कामको चाप बढ्ने ।
मिथुन - चिन्ताले सताउन सक्छ ।
कर्कट - कठिन परिस्थितीको सामना गर्नुपर्ला ।
सिंह - मिष्ठान भोजन प्राप्त हुने ।
कन्या - मुद्दा मामिलामा जित सुनिश्चत छ ।
तुला - समस्या समाधान हुने ।
वृश्चिक - सहयोग जुट्ला ।
धनु - रमाइलोमा दिन बित्ने ।
मकर - पढाईमा मन लाग्ने छ ।
कुम्भ - आम्दानीभन्दा खर्च बढी हुने ।
मिन - भ्रमणको अवसर जुट्नेछ ।

## बजेटको चिरफार :

# मध्यमवर्गलाई राहत, किसान र ग्रामीण अर्थतन्त्र उपेक्षित



डा. विनय मिश्र

*विचार*

सरकारले आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय बजेट जेठ १५ मा प्रस्तुत गरेको छ । अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले प्रस्तुत गर्नुभएको बजेट अहिले आमचर्चाको विषय हुनु स्वाभाविक नै हो। गएको एक दशकमा सम्भवतः यत्तिको संरचनागत सुधार र बजारमैत्री आर्थिक रूपान्तरणको भाष्य बोकेको यो पहिलो बजेट नै होला । विभिन्न किसिमका टिप्पणीबीच बजेटको प्रारूप, क्षेत्रगत प्राथमिकता र उद्देश्यसम्बन्धी अर्थ-राजनीतिक विश्लेषण पनि अपरिहार्य नै हुन्छ ।

करिब २४ खर्ब १२ अर्ब रुपैयाँको आकारमा आएको यो बजेट चालु आर्थिक वर्षको तुलनामा रेकर्ड २५ प्रतिशतले बढी हो । यसमध्ये ६० प्रतिशत चालुतर्फ विनियोजन गरिएको छ भने पूँजीगत र सरकारी दायित्वको वित्तीय व्यवस्थातर्फ करिब २०-२० प्रतिशत बराबर विनियोजन गरिएको छ। ठूलो भनिएको यो नयाँ बजेटमा पनि पूँजीगत खर्चको अनुपात पुरानै छ । चालु आर्थिक वर्ष पनि प्रशासनिक खर्च करिब ६० प्रतिशत नै छ। बरु, चालु वर्षभन्दा सार्वजनिक (बाह्य एवं आन्तरिक) ऋण भने आगामी वर्ष बढ्ने पक्का छ ।

राजस्वतर्फ हेर्दा १४ खर्बको सङ्कलन लक्ष्य महत्त्वाकाङ्क्षी योजनाभन्दा अतिशयोक्ति नहोला, किनभने चालु आर्थिक वर्षको संशोधित अनुमान ११ खर्ब ३५ अर्बमा सीमित छ । बजेटमा अपेक्षा गरेजस्तो राजस्व प्राप्ति गर्न नसके, विगतझैँ विकास खर्च कटौती हुने र परियोजना सुस्त बन्ने उही पुरानो प्रवृत्ति दोहोरिने जोखिम देखिन्छ ।

त्यस्तै, आगामी वर्षका लागि ७ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पनि अपत्यारिलो देखिन्छ । विश्व अर्थतन्त्रमा देखिएको अनिश्चितता र चालु आर्थिक वर्षमा चार प्रतिशतभन्दा कम वृद्धिदर रहने सरकारी अनुमानकै बीच आगामी वर्ष यत्तिको फड्को मार्नेमा विश्वास गर्न कठिन छ ।

खासगरी, उत्पादनशील क्षेत्र सुस्त छ र अर्थतन्त्र मुख्यतः रेमिट्यान्स, आयात र सेवा क्षेत्रको विस्तारमा निर्भर छ । बागमती एवं गण्डकी प्रदेशबाहेक बाँकी प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसतभन्दा कम रहेको मौजुदा अवस्थामा, यत्तिको तीव्र वृद्धिदर राजनीतिक रूपमा जति आकर्षक लागे पनि व्यावहारिक रूपमा चुनौतीपूर्ण छ ।

**क्षेत्रगत प्राथमिकता र कार्यान्वयनको सङ्कट**

विनियोजनका हिसाबले करिब २ खर्ब ८६ अर्बका साथ पूर्वाधार क्षेत्रले बढी प्राथमिकता पाएको छ । पूर्वाधार क्षेत्रलाई उन्नतिको मुख्य स्तम्भका रूपमा लिनु खासमा पुरानै नीतिको निरन्तरता हो । सडक, खानेपानी, सिँचाइ, ऊर्जा र प्रविधिसम्बन्धी पूर्वाधार विकासका दर्जनौँ पूर्ववत् योजना अहिले पनि लम्बित छन् । त्यसमाथि सरकारले अनेकौँ नयाँ योजना थपेको छ । प्रश्न योजनामा होइन, यसको कार्यान्वयनमा हो । कार्यान्वयन पक्ष सङ्कटग्रस्त र अक्षम रहिआएको वर्तमान परिदृश्यबीच केही कानुनी संशोधन र परिमार्जन गर्ने अठोट सरकारले गरे पनि समयबद्ध ढङ्गले पुरानासँगै थपिएका नयाँ योजना कार्यान्वयन हुने र त्यसका लागि स्रोतको सुनिश्चितता गरिनु सरकारका लागि सहज हुनेछैन ।

त्यस्तै, औद्योगिक एवं उत्पादन क्षेत्रले पाएको कर सहुलियत एवं भन्सार छुटले उद्यमशीलता एवं उत्पादकत्व बढ्ने विश्वास सरकारले गरेको बुझिन्छ । तर, बजेटले उच्च लागत, सानो स्वदेशी बजार, श्रमिक पलायन र पर्याप्त ऊर्जा एवं पूर्वाधार विकासको अभावजस्ता संरचनागत समस्या समाधान गर्ने दीर्घकालीन मार्गचित्र प्रस्तुत गर्नुपर्ने हुन्छ ।

कृषि क्षेत्रलाई बजेटमा उत्पादनमुखी, मूल्य शृङ्खला अभिवृद्धि र आधुनिकीकरणजस्ता परम्परागत नीतिकै निरन्तरता दिइएको छ। तर, यस क्षेत्रको मुख्य समस्या- भू-उपयोग नीतिको अभाव, खण्डित खेतियोग्य जग्गा, अपर्याप्त सिँचाइ, बजार उपलब्धता र भण्डारणको कमी रहिआएको छ। केही काठ उद्योग, प्रशोधन केन्द्र र पकेट क्षेत्र घोषणाले मात्र जीविकोपार्जनमुखी विद्यमान कृषि क्षेत्रमा युवा श्रमलाई आकर्षित गरी प्रतिस्पर्धी उद्यमका रूपमा रूपान्तरण गर्न सक्ने त्यति सजिलो देखिँदैन ।

क्षेत्रगत हिसाबले सुदूरपश्चिम एवं मधेसले केही सिँचाइ योजना पाएका छन् भने कर्णालीले कृषिजन्य उत्पादनमा मूल्य अभिवृद्धि गरिने घोषणा । खस्किँदै गरेको भू-जल स्तरबीच मधेसका खेतमा भूमिगत सिँचाइको प्रभावकारिता हेर्नु पनि रोचक नै रहला ।

साथै, पूर्वाधारतर्फ तराई-मधेसको हुलाकी राजमार्ग परियोजनाले फेरि पनि तीन वर्षे नयाँ सरकारी तारिख पाएको छ ।

सेवा क्षेत्रअन्तर्गत बैङ्किङ, पर्यटन, होटेल व्यवसाय, रेमिट्यान्स, व्यापार एवं सूचना प्रविधि जस्ता क्षेत्रले अर्थतन्त्रमा करिब ६२ प्रतिशत योगदान गर्छन् ।

जसलाई बजेटले यथार्थपरक ढङ्गले सूचना प्रविधि, डिजिटल अर्थतन्त्र, आईटी उद्योग, कृत्रिम बौद्धिकता जस्ता नीतिगत समर्थन गरेको छ। तर, देशभित्रका विश्वविद्यालयमा संस्थागत सुधार गरी यसका लागि आवश्यक कौशल विकास गर्ने जिम्मा दिनुको साटो, सरकारले विश्वका उत्कृष्ट भनिने शैक्षिक संस्थाहरूलाई देशभित्र क्याम्पस खोलेर यो जिम्मेवारी बहन गर्न 'आउटसोर्स' गरेको छ ।

सार्वजनिक स्वास्थ्यमा गुणस्तरीय र भरपर्दो सेवा, ग्रामीण क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता र प्रदेश-पालिकाहरूसँगको समन्वयबारे भने बजेट मौन छ। त्यस्तै, ऊर्जा क्षेत्रमा प्रस्तुत संरचनागत सुधार, निजी क्षेत्रको अन्तर्राष्ट्रिय ऊर्जा व्यापारमा पहुँच, हरित ऊर्जाजस्ता दीर्घकालीन रूपान्तरणका नीति विगतका नीतिबाट 'डिपार्चर' भए पनि यसको भार देशभित्रका उपभोक्तामाथि थपिएको छ । ५० युनिट खपतमाथि थपिएको करले हरित ऊर्जालाई बढावा दिने सरकारी नीतिभित्रको विरोधाभासलाई पनि उजागर गरेको छ । हो, ऊर्जा व्यापारमा निजी क्षेत्रको पहुँचले केही स्थापित व्यापारी वर्गलाई लाभ भने अवश्य मिल्ने देखिन्छ । रोजगारीका सन्दर्भमा उद्यमशीलता, सहुलियत कर्जा, स्टार्ट-अप जस्ता घोषणा बजेटमा भए पनि समग्र उत्पादकत्व र लगानीमैत्री वातावरण नबनेसम्म केवल ऋण एवं अनुदान कार्यक्रमले मात्र रोजगारी सिर्जना सम्भव छैन भन्ने विगतका अनुभवले देखाउँछन् । भइहाले पनि यसको असर सीमित सहरी क्षेत्र र पहुँचवाला युवासम्म नै सीमित हुनेछ ।

**बहुचर्चित करका दर**

बजेटले व्यक्तिगत आयकरमा न्यूनतम छुटको सीमा दोब्बर गरी वार्षिक दस लाखसम्म पुर्‍याएको छ र अधिकतम आयमा लाग्ने ३९ प्रतिशत करलाई २९ प्रतिशतमा झारेको छ । यसले कम लगानी, न्यून माग, सुस्त उत्पादन र उच्च लागतजस्ता वातावरणमा सुधार ल्याउने र उत्पादन, रोजगारी एवं लगानीलाई बढावा दिने सरकारको बुझाइ देखिन्छ ।

तर, नेपालको अर्थतन्त्रका केही संरचनागत कमजोरीहरू छन्, जसलाई सँगसँगै सुधार नगरी सरकारले सोचेजस्तो कर छुटबाट सोझै उद्यमशीलता, औद्योगिकीकरण र गुणस्तरीय रोजगारी सिर्जना हुने सम्भव छैन । नीतिगत एवं कानुनी स्थिरता, समयबद्ध सम्झौता कार्यान्वयन, प्रशासनिक सहजीकरण, र प्रभावकारी नियमनजस्ता दीर्घकालीन सुधार आवश्यक छ ।

अर्कोतर्फ, व्यक्तिगत बचत पनि अनुत्पादनशील एवं कम जोखिमयुक्त क्षेत्र (जस्तै- घरजग्गा कारोबार एवं उपभोग) तिर आकर्षित हुन सक्छ । यसै पनि नेपालको अर्थतन्त्रमा उपभोगको हिस्सा चालु आर्थिक वर्षमा नै ९० प्रतिशतमाथि रहेको अनुमान छ । त्यस्तै, मध्यमवर्गको विस्तार कृषि क्षेत्रको उत्पादकत्व वृद्धि नगरी सम्भव छैन । अर्थतन्त्रमा केवल २४ प्रतिशत योगदान दिने कृषि क्षेत्रमा कुल श्रमिकको करिब दुईतिहाइ आश्रित छन् । यसर्थ, कर छुटको प्रत्यक्ष लाभार्थी औपचारिक अर्थतन्त्र (जसको आकार करिब ५०-५५ प्रतिशत मात्र अनुमान गरिन्छ) मा आबद्ध सहरिया, पेसेवर, कर्मचारी, व्यवसायी र मध्यमवर्ग हुन जान्छ । फेरि, त्यो मध्यमवर्गको बचतले स्वदेशी उत्पादन नै बढाउँछ, त्यसको के ग्यारेन्टी छ ? आएको रेमिट्यान्स त उत्पादनशील क्षेत्रमा नगई विदेशी सेवा एवं वस्तुमै खर्च भइरहेको छ । झन् फराकिलो हुने सम्भावित मध्यमवर्गको बढ्ने अवश्यम्भावी क्रयशक्तिले आयात प्रतिस्थापन हुने हो कि व्यापार घाटा झन् बढाउने हो ?

**वित्तीय सङ्घीयता**

सङ्घीय सरकारले प्रदेश-पालिकालाई अनुदान एवं राजस्व बाँडफाँटबाट कुल वित्तीय हस्तान्तरण करिब ६०० अर्ब हुने अनुमान गरेको छ । यो आगामी आर्थिक वर्षका लागि सङ्घीय बजेटको केवल २५ प्रतिशत हुन्छ, जुन चालु आर्थिक वर्षमा करिब २९ प्रतिशत रहेको थियो । यसमध्ये करिब १७८ अर्ब राजस्व बाँडफाँटतर्फ र विभिन्न सङ्घीय अनुदानका लागि ४२२ अर्ब अनुमानित छ। आश्चर्य के छ भने १४ खर्बको राजस्व परिचालन गर्ने अठोट गरेको सरकारले राजस्व बाँडफाँटतर्फ बजेटको आठ प्रतिशत पनि प्रक्षेपण गर्न सकेन । सङ्घले अन्तःशुल्क, भ्याट र रोयल्टीबाट उठ्ने राजस्व

*- बाँकी पृष्ठ ३ मा*

## दिल्लीमा रास्वपा सभापति...

पनि भेटवार्ता गरेका छन् । भेटपछि जयशंकरले सामाजिक सञ्जाल एक्समार्फत नेपाल-भारत विकास साझेदारी र जनस्तरको सम्बन्धबारे सकारात्मक छलफल भएको बताए ।

त्यसैगरी मंगलबार साँझ नै लामिछाने नेतृत्वको टोलीले भारतीय गृहमन्त्री अमित साहसँग पनि भेटवार्ता गरेको छ ।

उक्त भेटमा नेपाल-भारत सम्बन्ध, आपसी हित, लोकतान्त्रिक अभ्यास, सुरक्षा सहकार्य तथा दुई देशका राजनीतिक दलहरूबीचको संवाद र सहकार्यका विषयमा विचार विमर्श भएको बताइएको छ ।

सभापति लामिछानेले बुधबार भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्ने कार्यक्रम छ । रास्वपाले उक्त भ्रमणले नेपाल-भारत सम्बन्धलाई थप मजबुत बनाउनुका साथै दुई देशका राजनीतिक दलहरूबिचको संवाद र सहकार्य विस्तार गर्न सकारात्मक योगदान पुग्ने अपेक्षा गरेको छ । भारत भ्रमणमा सभापति लामिछानेसँगै रास्वपाका सहमहामन्त्री तथा प्रतिनिधिसभा सदस्य विपिनकुमार आचार्य, सचिवालय सदस्य तथा प्रतिनिधिसभा सदस्य दीपक बोहोरा, रवि पत्नी निकिता पौडेल लगायत सहभागी छन् ।

## बजेटको चिरफार...

प्रदेश र पालिकासँग निश्चित हिस्सा बाँडफाँटका रूपमा साझा गर्नुपर्ने कानुनी प्रावधान छ । सङ्घीय अनुदानको प्रवृत्तिलाई हेर्ने हो भने प्रदेश-पालिकाका लागि आगामी वर्ष दिइने समानीकरण अनुदान र ससर्त अनुदान चालु आर्थिक वर्षको अनुपातसँग ठ्याक्कै मिल्छ, केही परिवर्तन भएको छैन । चालु आर्थिक वर्षका लागि समानीकरण अनुदान कुल सङ्घीय अनुदानको ३६ प्रतिशत थियो भने ससर्ततर्फ ५८ प्रतिशत । आगामी वर्षका लागि पनि यही अनुपात नै कायम रहेको छ । अन्त्यमा, जति ठूलो आकार र सञ्जालको प्रचारबाट आएको भए पनि यस बजेटमा निरन्तरताको क्रमभङ्गता कमै छ । बजेटको सबल पक्ष भनेको सुधारोन्मुख केही प्रतिबद्धताहरू र त्यसलाई लागु गर्न सक्ने उपलब्ध संसदीय अङ्कगणित हो । कार्यान्वयन पक्ष प्रभावकारी रह्यो भने लिइएका डिजिटाइजेसन, प्रविधि उद्योग, र शासकीय सुधारसम्बन्धी नीतिले अवश्य नै बजेटलाई स्मरणीय बनाउन सक्दछ । प्रतिफलका हिसाबले लाभार्थी मध्यमवर्गीय सहरी जनता हुने देखिन्छ भने किसान र ग्रामीण जनसङ्ख्या उपेक्षित हुनेछ । (मिश्र त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक हुन् ।)

**भूल सुधार गरिएको बारे**

**मिति २०८३/०२/१९ गते द पब्लिक टुडे राष्ट्रिय दैनिकमा यस वित्तीय संस्थाबाट प्रकाशित १५ दिने धितो लिलाम सम्बन्धी सूचनाको व्यहोरा अन्यथा हुन गएको हुँदा उक्त सूचना देहाय बमोजिम सुधार गरिएको जानकारी गराईन्छ ।**

# कर्जा सूरक्षण बापतको धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

*प्रकाशित मिति: २०८३/०२/२०*

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को शाखा कार्यालय बर्दिवासबाट तपाई ऋणीहरुले तपसिलमा उल्लेखित चल अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरि बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । अत: यो सूचना प्रकाशित भएको १५(पन्ध्र) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पुर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र द्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित चल अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय बर्दिवासमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ । साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्यक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्ति समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपसिल

१. **ऋणीको विवरण :**

नाम: पञ्चधुरा फेन्सी एण्ड कस्मेटिक पसल (दर्ता कार्यालय: बर्दिबास नगरपालिकाको कार्यालय, महोत्तरी दर्ता नं. ३४३४ दर्ता मिति २०७५/०९/१०, पान नं.६०८९४५६२० दर्ता मिति २०७५/०९/१०)
ठेगाना : महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. २, प्रोप्राइटर : खिवराज खड्का, कर्जा : ब्यापारिक ।

**सूरक्षण बापत धितोको विवरण:**
भैरव बहादुर खड्काको नाती, भक्त बहादुर खड्काको छोरा महोत्तरी जिल्ला बर्दिबास गा. बि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.२ बस्ने खिवराज खड्काको नाममा भुमि प्रशासन कार्यालय बर्दिबास,महोत्तरीमा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला २५ नं. बहादुरगञ्ज गा.वि.स. वडा नं. ४/ग स्थित कि.नं. १६३, क्षे.फ. ०-१-१२-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।

**व्यक्तिगत जमानीकर्ता:**
नाम: खिवराज खड्का(ना.प्र.नं.०४९२४५०३ जारी मिति २०४४/१०/१२ , जि.प्र.का. महोत्तरी)
ठेगाना : महोत्तरी जिल्ला बर्दिबास गा.बि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.२, बाबु : भक्त बहादुर खड्का, बाजे : भैरब बहादुर खड्का ।

नाम: चित्रकला खड्का (ना.प्र.नं. ०४९२६८४७ जारी मिति २०६०/१०/१९, जि.प्र.का. महोत्तरी)
ठेगाना : महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं.२, बाबु : गणेश बहादुर राउत, ससुरा : भक्त बहादुर खड्का, पति : खिवराज खड्का ।

नाम: प्रविन खड्का ( ना.प्र.नं.१८-२-०७४/१९४६ जारी मिति २०७३/०४/०५, जि.प्र.का. महोत्तरी)
ठेगाना : महोत्तरी जिल्ला बर्दिबास गा.बि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला बर्दिबास न.पा वडा नं. २, बाबु : जिवराज खड्का, बाजे : भक्त बहादुर खड्का।

२. **ऋणीको विवरण :**

नाम: राम कुमारी देवी( ना.प्र.नं. १८३०६४/२३ मिति : २०६३/१०/२० जि.प्र.का. महोत्तरी)
ठेगाना : महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बस्ने, बाबु :भरोसी साह, ससुरा :श्रीचन साह तेली, पति :राम छविला साह, कर्जा : कृषि ।

**सूरक्षण बापत धितोको विवरण:**
खटर साहको नाती श्रीचन साह तेलीको छोरा महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बस्ने राम छविला साहको नाममा भुमि प्रशासन कार्यालय गौशला, महोत्तरी (साविक भुमि प्रशासन कार्यालय जलेश्वर, महोत्तरी) मा एकलौटी रुपमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला निगौल गा.वि.स. वडा नं.९/क स्थित कि.न. ७७१, क्षेत्रफल ०-१-१३.५-० को जग्गा र सो जग्गाले चर्चेको तथा भविष्यमा चर्चने लिगलगापात समेत ।

**व्यक्तिगत जमानीकर्ताहरु**
नाम: राम छविला साह (ना.प्र.न. ०३३५३६०५ मिति : २०६२/०१/१८ जि.प्र.का. महोत्तरी)
ठेगाना :महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला औरही न.पा. वडा नं. २ बस्ने, बाबु :श्रीचन साह तेली, बाजे :खटर साह तेली

३. **ऋणीको विवरण:**

नाम : खिला कुमारी तामाङ (ना.प्र.नं.५८ जारि मिति: २०६०/०८/२१, जि.प्र.का. सर्लाही)
ठेगाना: सर्लाही जिल्ला इश्वरपुर न.पा.वडा नं.१२ बस्ने, बाबु : रत्न बहादुर तामाङ, ससुरा : सुक बहादुर वाईवा, पति: विष्णु बहादुर वाईवा, कर्जा : हायर पर्चेज ।

**सूरक्षण बापत धितोको विवरण:**
गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था) धनी भई सिम बहादुर वाईवाको नाती, सुक बहादुर वाइवाको छोरा सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. १२ बस्ने श्री विष्णु बहादुर वाईवाको नाममा यातयात ब्यवस्थापन कार्यालय विरगंज, पर्सामा दर्ता कायम रहेको ।
१. दर्ता नं.बाग्मती प्रदेश ०३-००१ त ४५८३, ईन्जिन नं.S325J96683, चेचिस नं.NHN32300ZJL450007 बनेको साल २०१८, न्युहोल्याण्ड ट्र्याक्टर थान १
२. दर्ता नं.बाग्मती प्रदेश ०३-००१ त ०५१७, ईन्जिन नं.306716DT, चेचिस नं.NH2533299 बनेको साल २०२०, न्युहोल्याण्ड ट्र्याक्टर थान १ ।

**व्यक्तिगत जमानीकता**
नाम: विष्णु बहादुर वाईवा ( ना.प्र.नं. ४६४७०२३२ जारि मिति: २०५८/०३/०४, जि.प्र.का. सर्लाही)
ठेगाना: सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. १२ बस्ने, बाबु: सुक बहादुर वाइवा, बाजे : सिम बहादुर वाईवा।

नाम: सुक बहादुर वाइवा ( ना.प्र.नं. ४६४७२०८० जारि मिति: २०४३/०७/१०, जि.प्र.का. सर्लाही)
ठेगाना: सर्लाही जिल्ला ईश्वरपुर न.पा. वडा नं. १२ बस्ने, बाबु: सिम बहादुर वाईवा, बाजे : भैरब सिंह वाइवा ।

**लिलामी बिक्री सम्बन्धी शर्तहरु:**

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ । सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन । उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा खोलिने छ ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरी आफुले सो चल अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं.१८०८०००००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ । उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ । धरौटी रकम फिर्ता गरिँदा धरौटी रकमको व्याज दिईने छैन ।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने ब्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो चल अचल सम्पत्ति बिक्री गरिनेछ ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पुर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो चल अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ । सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ । तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा सम्पर्क राख्न सक्नुहुनेछ ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित चल अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने ब्यहोरा समेत सूचित गरिन्छ ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको शाखा कार्यालय, बर्दिवासमा सम्पर्क राख्न सक्नु हुनेछ ।

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाडौं, पो.ब.नं. ८८६७
फोन : ४५४४०३९, फ्याक्स: ४४४३७१४
Email : info@goodwill.net.np

शाखा कार्यालय
बर्दिबास, महोत्तरी
फोन : ०४४–५५०२९१

# धनुषा अदालत अगाडी मिटरब्याज पीडितको धर्ना



द पब्लिक टुडे समाचारदाता

*गौशाला, जेठ १९ गते ।*

मिटरब्याजबाट पीडित बनेका नागरिकहरूले न्यायको माग गर्दै मंगलबार धनुषा जिल्ला अदालत अगाडि धर्ना तथा घेराउ गरेका छन् ।

मिटरब्याज पीडित संघर्ष समितिको नेतृत्वमा आयोजित विरोध कार्यक्रममा विभिन्न स्थानबाट आएका पीडितहरूको सहभागिता रहेको थियो ।

संघर्ष समितिका केन्द्रीय अध्यक्ष अवधेश कुशवाहाको अगुवाइमा भएको प्रदर्शनमा सहभागीहरूले आफूहरू लामो समयदेखि न्यायको खोजीमा रहे पनि राज्यका निकायबाट समस्या समाधानका लागि प्रभावकारी पहल हुन नसकेको गुनासो गरे । उनीहरूले अदालत परिसर अगाडि शान्तिपूर्ण रूपमा धर्ना दिँदै मिटरब्याज पीडितका मुद्दामा निष्पक्ष सुनुवाइ र न्याय सुनिश्चित गर्न माग गरेका हुन् ।

प्रदर्शनलाई सम्बोधन गर्दै अध्यक्ष कुशवाहाले वर्तमान सरकार सत्तामा पुग्नुअघि मिटरब्याज पीडितका समस्या समाधान गर्ने प्रतिबद्धता जनाए पनि व्यवहारमा त्यसको अनुभूति हुन नसकेको आरोप लगाए । बरु पीडितमाथि उजुरी, दबाब र विभिन्न प्रकारका प्रताडना बढ्दै गएको उनको भनाइ थियो ।

मिटरब्याज पीडितहरूले विभिन्न सरकार र गृहमन्त्री परिवर्तन भए पनि आफ्नो समस्या जस्ताको तस्तै रहेको बताए । केही दिनअघि पनि उनीहरूले जिल्ला प्रशासन कार्यालय धनुषा अगाडि धर्ना कार्यक्रम आयोजना गरी समस्या समाधानको माग गरेका थिए ।

पीडितहरूले अदालत तथा सम्बन्धित निकायहरूबाट पीडितभन्दा साहु पक्षलाई बढी संरक्षण मिल्ने गरेको आरोप लगाएका छन् । निष्पक्ष न्याय नपाएको भन्दै उनीहरूले आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएका छन् । मिटरब्याज सम्बन्धी समस्या समाधानका लागि सरकारले विभिन्न कानुनी तथा प्रशासनिक पहल गरेको दाबी गर्दै आए पनि पीडितहरू भने अझै न्यायको पर्खाइमा रहेको बताउँदै आन्दोलन जारी राख्ने तयारीमा छन् ।

# जैविक विविधता संरक्षणका लागि सञ्चारकर्मीलाई अभिमुखीकरण

द पब्लिक टुडे समाचारदाता

*गौशाला, जेठ १९ गते ।*




वन्यजन्तु तथा जैविक विविधता संरक्षणमा सञ्चार क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउने उद्देश्यले बाराको सिमरामा दुईदिने 'सञ्चार र संरक्षण कार्यशाला' आयोजना गरिएको छ। तराई आर्क ल्यान्डस्केप तथा संरक्षण कार्यक्रमको आयोजनामा सुरु भएको कार्यशालामा सञ्चारकर्मी, संरक्षणकर्मी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता रहेको छ । कार्यशाला बुधबार सम्म सञ्चालन हुने आयोजकले जनाएको छ ।

कार्यशालामा संरक्षणसम्बन्धी मुद्दाहरूलाई सञ्चार माध्यममार्फत प्रभावकारी रूपमा उठान गर्ने, वन्यजन्तु संरक्षणमा पत्रकारिताको भूमिका बढाउने तथा वातावरणीय चुनौतीबारे जनचेतना अभिवृद्धि गर्ने विषयमा छलफल भइरहेको कार्यक्रममा सहभागी नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष महेशकुमार दासले बताए । तराई आर्क ल्यान्डस्केप तथा संरक्षण कार्यक्रमका क्लस्टर इन्चार्ज प्रेम पौडेलले कार्यक्रममा जैविक विविधता, मानव-वन्यजन्तु द्वन्द्व, वन संरक्षण तथा वातावरणीय चुनौतीका विषयमा विज्ञहरूले प्रस्तुति दिइरहेको जानकारी दिए । सहभागी पत्रकारहरूलाई संरक्षणसम्बन्धी समाचार लेखन, तथ्य सङ्कलन तथा अनुसन्धानमूलक रिपोर्टिङबारे पनि जानकारी प्रदान गरिने इन्चर्ज पौडेलले बताए ।

कार्यक्रममा विश्व वन्यजन्तु कोषका डा. शशांक पौडेलले सामुदायिक सञ्चार माध्यमले स्थानीय स्तरमा संरक्षणसम्बन्धी सचेतना फैलाउन महत्वपूर्ण भूमिका खेल्न सक्ने बताए । उनले स्थानीय सञ्चार माध्यममार्फत संरक्षणका प्रयास, वातावरणीय चुनौती तथा वन्यजन्तुसम्बन्धी विषयवस्तु प्रभावकारी रूपमा समुदायसम्म पुर्‍याउन सकिने उल्लेख गरे ।

त्यसैगरी, पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत रामचन्द्र खतिवडाले चुरे क्षेत्र, जलस्रोत, कृषि तथा समृद्धि एकअर्कासँग अन्तरसम्बन्धित रहेको उल्लेख गर्दै संरक्षण र विकास दिगो समृद्धिका परस्पर पूरक आधार भएको बताए ।

बर्दिवास बचत तथा ऋण सहकारी संस्था लि., संजिवनी बचत तथा ऋण सहकारी संस्था लि. र जयश्री कृषि सहकारी संस्था लि. को एकीकरण पश्चात

## बर्दिवास बचत तथा ऋण सहकारी संस्था लि.

## BARDIBAS SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.

बर्दिवास, महोत्तरी

### तपसिलमा उल्लिखित ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने बारे १५ दिने सूचना

*सूचना प्रकाशित मिति: २०८३/०२/२०*

यस संस्थाबाट कर्जा/ऋण सुविधा प्राप्त गर्नु भएका तपसिलमा उल्लेखित ऋणी सदस्यहरुले संस्थासँग गरेको ऋण सम्झौता र सर्त बमोजिम बुझाउनु पर्ने सावाँ, ब्याज र अन्य दस्तुरहरु बुझाउन ढाँटछल गरी म्याद नाघेका र यस अघि मिति २०८२/१२/१८ को द पब्लिक टुडे राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित ३५ दिने ऋण चुक्ता गर्ने सार्वजनिक सूचनाको समेत उल्लंघन गरी हालसम्म पनि ऋण चुक्ता नगर्नु भएको हुनाले यो १५ दिने अन्तिम सूचना प्रकाशित गरिएको छ । अत: संस्थाको लिनु पर्ने कूल रकम असुल उपर गर्नका लागि ऋणी तथा जमानतकर्ताहरुले यस संस्थामा धितो बन्धक राखिएको चल-अचल सम्पत्ति (धितो) जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलामी प्रकृया अगाडी बढाउने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक १५ (पन्ध्र) दिनभित्र आफुले बुझाउनु पर्ने रकम तिर्न बुझाउन आउनु होला वा रकम तिरि बुझाईसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु होला । अन्यथा तपाई विरुद्ध आवश्यक कानुनी कार्वाही चलाईने र तपाईको नाम कर्जा सूचना केन्द्रको कालो सुचिमा समावेश गर्ने, खाता रोक्का राख्ने, यस संस्थाको नियामकिय निकाय बर्दिवास नगरपालिकामा ऋण असुलीको लागि लेखि पठाउने तथा ऋण असुली न्यायाधिकरणमा मुद्धा हाल्ने प्रक्रिया अपनाईने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**ऋणीको तीन पुस्ते विवरण**

| सि.नं. | ऋणी सदस्यको नाम | बुवा/ससुराको नाम | बाजे/पतिको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | टेक बहादुर पुर्वछाने | भक्त बहादुर पुर्वछाने | मरिचमान पुर्वछाने | बर्दिवास-२, महोत्तरी |
| २ | नर बहादुर स्यांगदन | दान बहादुर स्यांगदन | महेन सिंह स्यांगदन | बर्दिवास-१२, महोत्तरी |
| ३ | भोला खडका | ईन्द्र बहादुर खड्का | ओकल बहादुर खड्का | बर्दिवास-१, महोत्तरी |
| ४ | ओम माया आले | मान बहादुर श्रेष्ठ | दिपक श्रेष्ठ | बर्दिवास-३, महोत्तरी |
| ५ | अनमाया मस्राङ्गि | तिलक बहादुर मस्राङ्गि | सिंगे मस्राङ्गि | बर्दिवास-८, महोत्तरी |
| ६ | पवि कुमारी | महाविर महतो | महिन्द्र महतो | बर्दिवास-६, महोत्तरी |
| ७ | कमल प्रसाद मैनाली | खडानन्द मैनाली | हरि प्रसाद मैनाली | बर्दिवास-१४, महोत्तरी |
| ८ | नोरमणि पोखरेल | शारदा प्रशाद पोखरेल | नन्द लाल पोखरेल | बर्दिवास-१४, महोत्तरी |
| ९ | विरेन्द्र महतो | राम चन्द्र महतो | नेवति महतो | बर्दिवास-१४, महोत्तरी |
| १० | वेद कुमार राना | कुमार राना मगर | मेख बहादुर राना मगर | बर्दिवास-१४, महोत्तरी |
| ११ | राम बहादुर भुजेल | ओम बहादुर भुजेल | हर्क बहादुर भुजेल | बर्दिवास-२, महोत्तरी |
| १२ | थल बहादुर दर्नाल | कृष्ण बहादुर दमाई | मंगले दमाई | बर्दिवास-१, महोत्तरी |
| १३ | अनिता सिंह ठकुरी | मदन जंग बहादुर सिंह ठकुरी | सुर्यजंग बहादुर सिंह ठकुरी | बर्दिवास-३, महोत्तरी |
| १४ | काशिराम राना | मेक बहादुर राना | मोहन बहादुर राना | बर्दिवास-१, महोत्तरी |
| १५ | जितेन्द्र साह सोनार | अनरजित साह सोनार | रघुनाथ सोनार | बर्दिवास-१, महोत्तरी |
| १६ | देवराज खतिवडा | कृष्ण प्रसाद खतिवडा | लक्ष्मी प्रसाद खतिवडा | बर्दिवास-४, महोत्तरी |
| १७ | रिना भुजेल | चित्र बहादुर भुजेल | थिर बहादुर भुजेल | बर्दिवास-१, महोत्तरी |
| १८ | रिता कुमारी परियार | दुर्गा बहादुर दमाई | वर्ण बहादुर परियार | बर्दिवास-२, महोत्तरी |
| १९ | भोला साह कानु | हुकुम चन साह कानु | वनवारी साह कानु | बर्दिवास-१४, महोत्तरी |
| २० | जिवन कुमार लामा | फौद सिंह स्याङ्ग्वा | कालुमान स्याङ्ग्वा | बर्दिवास-२, महोत्तरी |

### तपसिलमा उल्लिखित ऋणी सदस्यहरुलाई कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने सूचना

*सूचना प्रकाशित मिति: २०८३/०२/२०*

यस संस्थाबाट कर्जा लिनु भएका तपसिल बमोजिमका तपाई ऋणी सदस्यहरुले यस संस्थासँग भए गरेको सम्झौता बमोजिम कर्जा भुक्तानी तालिका अनुसार कर्जाको साँवा, ब्याज नतिरी नबुझाई बाँकी राख्नु भएको र तपाईहरुलाई संस्थाको तर्फबाट पटक -पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै पहल नगरेकोले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा यस संस्थालाई बुझाउनु बाँकी रहेको सम्पूर्ण सावाँ, ब्याज , हर्जाना ब्याज तथा अन्य रकम एकमुष्ट बुझाउन सुचित गरिएको छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम संस्थालाई चुक्ता भुक्तान नगरेमा प्रचलित कानुन तथा ऋणी र यस संस्था बिच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ता विरुद्ध आवश्यक कानुनी कार्वाही चलाईने र तपाईको नाम कर्जा सूचना केन्द्रको कालो सुचिमा समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट अग्रिम जानकारी गराईन्छ । कथंकदाचित कर्जा रकम असुल उपर हुन नसके प्रचलित नेपाल सरकारको कानुन बमोजिम अन्य कानुनी कार्वाहीको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी दिनु हुने महानुभवलाई यसै सूचनाबाट जानकारी गराउँदछौं ।

**ऋणीको तीन पुस्ते विवरण**

| सि.नं. | ऋणि सदस्यको नाम | बुवा/ससुराको नाम | बाजे/पतिको नाम | ठेगाना |
|---|---|---|---|---|
| १ | तेज बहादुर वरुवाल | लोक बहादुर वरुवाल | मान बहादुरवरुवाल | बर्दिवास २, महोत्तरी |
| २ | राजु सिलवाल | इन्द्र बहादुर सिलवाल | बखान सिंह सिलवाल | बर्दिवास २, महोत्तरी |
| ३ | रन्जीत न्यौपाने | कृष्ण बहादुर न्यौपाने | रन बहादुर न्यौपाने | बर्दिवास १, महोत्तरी |
| ४ | बबिता कुमारी गौतम | बुद्ध प्रसाद गौतम | मोतिलाल गौतम | बर्दिवास ३, महोत्तरी |
| ५ | सुन्तली कार्कि | निर बहादुर नेवार | प्रेम बहादुर कार्कि | बर्दिवास ३, महोत्तरी |
| ६ | राम नारायण महतो | राम देव महतो | मखन महतो | बर्दिवास १२, महोत्तरी |
| ७ | धन माया थापा | टेक बहादुर थापा | तिलक बहादुर थापा | बर्दिवास ५, महोत्तरी |
| ८ | जंग बहादुर न्यौपाने | रन बहादुर न्यौपाने | रघुविर न्यौपाने | बर्दिवास १, महोत्तरी |
| ९ | कृष्ण कुमार महतो | जनुलाल महतो | जुगेश्वर महतो | बर्दिवास १४, महोत्तरी |
| १० | धनेश्वर महतो | बिहारी महतो | राम हृदय महतो | बर्दिवास १४, महोत्तरी |
| ११ | प्रविण भण्डारी | तेज कुमार भण्डारी | पदम बहादुर भण्डारी | बर्दिवास ३, महोत्तरी |
| १२ | रजनि तामांग व्लोन | कुमार तामांग | मान बहादुर व्लोन तामांग | बर्दिवास ७, महोत्तरी |
| १३ | मान बहादुर व्लोन तामांग | मेघ बहादुर व्लोन तामांग | मान बहादुर व्लोन | बर्दिवास ७, महोत्तरी |
| १४ | समतोला कुमारी देवि | केशव मण्डल धानुक | अनिल कुमार मण्डल | बर्दिवास १, महोत्तरी |
| १५ | सन्जीव पुलामि | विर बहादुर पुलामि | लक्ष्मी कुमार पुलामि | बर्दिवास १, महोत्तरी |
| १६ | कुसुम कुमारी देवि कुशवाहा | श्रीनारायण महतो | राजा राम कुशवाहा | बर्दिवास १२, महोत्तरी |
| १७ | शान्ति कुमारी | मेक बहादुर राना | काशि राम राना | बर्दिवास १, महोत्तरी |
| १८ | आशा परियार | झोकि लाल परियार | विष्णु दमाई | बर्दिवास २, महोत्तरी |
| १९ | भवानि देवि भण्डारी | चन्द्र बहुर धिमाल | ठगेन्द्र बहादुर भण्डारी | बर्दिवास ३, महोत्तरी |
| २० | कृष्ण वरुवाल | खुव बहादुर वरुवाल | लोक बहादुर वरुवाल | बर्दिवास २, महोत्तरी |
| २१ | शोभा देवि | भाग नारायण साह | विजय साह सोनार | बर्दिवास १४, महोत्तरी |

पब्लिक टुडे पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित, कार्यालय : गौशाला न.पा.-१, महोत्तरी, सम्पर्क कार्यालय : जनकपुरधाम उपमहानगरपालिका-१३, धनुषा
Email: thepublictoday2070@gmail.com, मुद्रण :- न्यू क्वालिटी अफसेट प्रिन्टर्स, जनकपुरधाम, अध्यक्ष : रामनारायण महतो, ९८४४०३७१९८, सम्पादक: सन्तकुमार क्षेत्री